**बैठक नं : १७**

**मिति :२०७९/१२/१५ गते**

**समयः दिनको ११:०० बजे ।**

**स्थानः गोलन्जोर गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुली ।**

आज मिति २०७९।१२।१५ गते बुधवार दिनको १२.०० बजे गोलन्जोर गाउँपालिकाका अध्यक्ष श्री शंकर राज वराल ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तपशिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्ताबहरु माथि छलफल गरि निम्नानुसारको निर्णय पारित गरियो ।

**उपस्थितीः**

| | | |
|---|---|---|
| १ | श्री शंकर राज वराल | गाउँपालिका अध्यक्ष |
| २ | श्री ज्वाला प्रसाद न्यौपाने | गाउँपालिका उपाध्यक्ष |
| ३ | श्री रेगन राज थापा | गाउँपालिका प्रवक्ता |
| ४ | सोम प्रसाद बराल | कार्यपालिका सदस्य |
| ५ | श्री दौलत कार्की | कार्यपालिका सदस्य |
| ६ | श्री के पि पोखरेल | कार्यपालिका सदस्य |
| ७ | श्री भक्त बहादुर भुजेल | कार्यपालिका सदस्य |
| ८ | श्री गोविन्द बहादुर लुङ्गेली | कार्यपालिका सदस्य |
| ९ | श्री रविन कुमार श्रेष्ठ | कार्यपालिका सदस्य |
| १० | श्री सम्झना पोखरेल | कार्यपालिका सदस्य |
| ११ | श्री सम्वर बहादुर माझी | कार्यपालिका सदस्य |
| १२ | श्री उर्वशी ढुङ्गेल | कार्यपालिका सदस्य |
| १३ | श्री अम्वरदिप वि क | कार्यपालिका सदस्य |
| १४ | श्री शान्ता कामी | कार्यपालिका सदस्य |
| १५ | श्री खरिमाया पुर्वछाने | कार्यपालिका सदस्य |
| १६ | श्री ठाकुर प्रसाद दाहाल | कार्यपालिका सचिव |

**अन्य उपस्थित**

| | |
|---|---|
| श्री सेवक विक्रम राई | लेखा अधिकृत |
| श्री तुलसी प्रसाद कोइराला | प्रशासन शाखा प्रमुख |

## प्रस्तावहरुः

१. शिक्षा नीति अद्यावधिक सम्वन्धमा ।

२. भुउपयोग नीति सम्बन्धमा ।

३. औद्योगिक ग्राम सम्बन्धमा ।

४. राष्ट्रिय योजना आयोगमा माग गर्ने सम्बन्धमा ।

## निर्णयहरु

**निर्णय नं १:प्रस्ताव नं १ माथी छलफल गर्दा** यस गाउँपालिकाको समग्र शिक्षा क्षेत्रलाई योजनाबद्ध रुपमा संचालन गर्न तथा ज्ञान सीप र प्रविधीयुक्त गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि गाउँ शिक्षा नीति तथा आवधिक शिक्षा योजना निर्माण गरी कार्यान्वयन भइरहेकोमा यसको समीक्षा गरी अद्यावधिक गर्न आवश्यक देखिएको हुँदा उक्त शिक्षा नीति तथा आवधिक शिक्षा योजना अद्यावधिक गर्नका लागि आर्थिक साझेदारी गर्न प्लान इन्टरनेशनल नेपाल र साझेदार संस्था मानव तथा राष्ट्रिय विकास समाज (HANDS) नेपाललाई अनुरोध गर्ने साथै लामो समयदेखि शिक्षा क्षेत्रमा क्रियाशिल रही शिक्षा नीति तथा योजना निर्माण कार्यमा लामो अनुभव प्राप्त गर्नुभएका नेपाल खुला विश्वविद्यालयका प्राध्यापक डा प्रेम कृष्ण अर्याललाई सहजीकरण तथा अद्यावधिक विषयवस्तु लेखनको जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं २ प्रस्ताव नं २ माथि छलफल गर्दा** मिति २०७९।०३।१६ गते गाउँ कार्यापालिकाको बैठकबाट पास भएको कृषि र गैर कृषि क्षेत्र सात वटै वडालाई निर्धारण गरेकोमा वडा नं ५ को वी पी राजमार्ग शोलाभञ्ज्याङ्ग देखि छब्बिस सम्मको ५०० मिटर सम्मका जग्गा र शाखा बाटोको १०० मिटर सम्मका जग्गा आवास क्षेत्र र वडाका अन्य जग्गा कृषि क्षेत्र भु उपयोग ऐन २०७६ को दफा ४(१) र भू उपयोग नियमावली २०७९ को नियम ५(४) कायम गरी नियमावलीको नियम ५(७) बमोजिम तालुक कार्यालयमा पठाई सोही अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३ प्रस्ताव नं ३ माथि छलफल गर्दा** यस गाउँपालिकाको वडा नं ६ बलेनीमा १०० रोपनी जग्गामा औद्योगिक ग्राम स्थापना गर्नका लागि ट्रेस नक्शा र अन्य आवश्यक कागजातहरु तयार गर्न नापी कार्यालय सिन्धुलीलाई अनुरोध गर्ने साथै वाणिज्य तथा आपूर्ति मन्त्रालयमा प्रस्ताव औद्योगिक ग्राम स्वीकृतिका लागि पेश गर्ने भनि सर्वसम्मतले निर्णय पारित गरियो ।

**निर्णय नं ४ प्रस्ताव नं ४ माथि छलफल गर्दा** शारदा मा वि बेखटाँडीको ८ कोठे भवन निर्माणको लागि राष्ट्रिय योजना आयोगमा माग गर्ने निर्णय पारित गरियो ।

शंकर राज बराल
अध्यक्ष